लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

☎ ०८६-४६०१४३
✉ sddo.pyuthan1@gmail.com
www.sddopyuthan.lumbini.gov.np


पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर :- ४४९

मिति :२०८३।०२।१३

**विषय: विद्यार्थी प्रतिभा पहिचान कार्यक्रममा सहभागिता सम्वन्धमा।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु,
प्यूठान र रोल्पा।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकारको चालु आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस कार्यालयबाट कार्यान्वयन हुने **विद्यार्थी प्रतिभा पहिचान** कार्यक्रम तपसिलको मिति, समय र स्थानमा **"ज्ञान, विज्ञान, सीप, उद्धम र मौलिकता:साझेदारी र प्रणालीगत सक्षमता"** शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको हुँदा तँहा विद्यालयहरुबाट कुनै १ जना विद्यार्थीलाई विद्यालयको पत्र सहित सहभागी गराईदिनुहुन सादर अनुरोध छ। साथै कार्यक्रममा सहभागी हुने विद्यार्थीको नाम विद्यालयको पत्र मार्फत मिति २०८३।०२।२५ गते कार्यालय समय भित्र दर्ता गराउँनु हुन अनुरोध छ ।

**तपसिल**

मिति: २०८३।०२।२६ गते।
समय: विहान १०:३० वजे ।
स्थान: श्री जनता मा. वि. बाग्दुला प्यूठानको हल।

**प्रतियोगिताका सर्तहरु:**

१. प्रत्येक विद्यालयबाट १ जना विद्यार्थी मात्र सहभागी गराउन सकिने छ ।
२. विद्यालयको पत्रमा विद्यार्थीको नाम,कक्षा, रोल न.,सेक्सन लगायतको विवरण खुलेको हुनुपर्ने छ ।
३. विद्यार्थी सहभागी गराउँन चाहने विद्यालयले यस कार्यालयको इमेल ठेगाना **sddopyuthan@gmail.com** मा अनिवार्य रुपले पत्र पठाउनु पर्ने छ। आवश्यक जानकारीको लागि मो. नं ९८४०३७१७३०/९८६७२४७७२९ मा सम्पर्क गर्न सकिनेछ ।
४. प्रतियोगिताको विषयवस्तु र प्रस्तुतिकरण नेपाली भाषामा हुनुपर्नेछ ।
५. प्रतियोगिताको प्रस्तुतीमा ४ मिनेटमा जनाउ घन्टी बज्नेछ भने ५ मिनेट भित्र आफ्ना भनाइहरु टुंग्याई सक्नुपर्नेछ ।
६. विषयवस्तु, हाउभाउ, प्रस्तुतिकरण, भाषा, शैली र समय व्यवस्थापनलाई मुल्याङ्कनको आधार बनाइनेछ ।
७. निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ ।
८. प्रतियोगी विद्यार्थी विद्यालय पोशाक र परिचय पत्र सहित उपस्थित हुनुपर्ने छ ।
९. पुरस्कार रकम: प्रथम रु १०,०००-।, द्वितीय रु ८,०००।-, तृतीय रु ६,०००।- र सान्त्वना रु ४,०००।- र प्रमाण पत्र प्रदान गरिनेछ । पुरस्कार रकममा नियमानुसार करकट्टी हुनेछ ।
१०. उत्कृष्ट ३ जनालाई लुम्बिनी प्रदेश स्तरीय प्रतियोगितामा सहभागिताको लागि पठाईने व्यवस्था रहेको छ।

राम करन पाल
नि. कार्यालय प्रमुख